# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको

# सङ्क्षिप्त परिचय



## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको सङ्क्षिप्त परिचय

फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने सम्बन्धमा एकीकृत तथा विशिष्टीकृत व्यवस्था गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ। उक्त ऐनको दफा १३(१) मा नेपाल सरकारले कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी कार्य गर्न एक कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना गरिने प्रावधान बमोजिम मिति २०७८।०६।०५ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस विभागको स्थापना भएको हो। यस विभागको स्थापना हुनु भन्दा पहिले गृह मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत कसूरजन्य सम्पत्ति इकाईबाट उक्त कार्य हुँदै आएको थियो।

## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापनाको उद्देश्यहरू

- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयन गर्ने।
- सन् १९८९ मा सम्पत्ति शुद्धीकरण निवारण गर्ने सम्बन्धमा विशिष्टीकृत अन्तर सरकारी संस्थाको रुपमा स्थापना भएको वित्तीय कारवाही कार्यदल (Financial Action Task Force, FATF) को पक्ष राष्ट्र र सन् १९९७ मा स्थापित एसिया प्रशान्त क्षेत्र समूह (Asia Pacific Group on Money Laundering, APG) को सदस्य राष्ट्रको रुपमा नेपाल रहेको हुनाले उक्त अन्तर्राष्ट्रिय सम्झौताको कार्यान्वयन गर्ने।
- विभिन्न निकायका अनुसन्धान अधिकारीहरूले अनुसन्धान गरी रोक्का वा नियन्त्रणमा लिएको तथा अदालतबाट अन्तिम फैसला भई जफत भएको कसूरसँग सम्बन्धित सम्पत्तिको अभिलेख राख्ने, व्यवस्थापन गर्ने र लिलाम बिक्री गर्ने।

## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको काम, कर्तव्य र अधिकार

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको व्यवस्थापन गर्ने वा गराउने,
- अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको विदेशी मुद्रा, विनिमेय अधिकारपत्र, बहुमूल्य धातु वा बस्तु नेपाल राष्ट्र बैङ्क वा विभागले तोकेको बैङ्कमा सुरक्षित तथा व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाउने,
- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्ने वा गराउने,

- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधन प्राप्त गर्ने,
- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधनको व्यवस्थापन गर्ने,
- अदालतको आदेश वा फैसला बमोजिम जफत भएको सम्पत्ति वा साधनको लिलाम बिक्री गर्ने वा गराउने ,
- कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषको रकम प्रयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम बनाई स्वीकृतिको लागि कोष सञ्चालन तथा व्यवस्थापन समिति समक्ष पेश गर्ने,
- कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गर्ने,
- रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायलाई आवश्यक निर्देशन दिने,
- कसूरजन्य सम्पत्ति वा साधन रोक्का, नियन्त्रण वा जफत गर्ने सम्बन्धमा अनुसन्धान अधिकारीसँग आवश्यक समन्वय गर्ने र
- कोषको लेखा परीक्षण गराउने ।

## विभागको सङ्गठन संरचना

| क्र. सं. | पदको नाम | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ |
| २ | उपसचिव | रा.प.द्धित्तीय | प्रशासन | सा.प्र. | २ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | २ |
| ४ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ |
| ६ | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | ज.मे. | १ |
| ७ | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | सिभिल | १ |
| ८ | सव इन्जिनियर | रा.प.अनं.प्रथम | इन्जिनियरिङ | वि. एण्ड आ. | १ |
| ९ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम | इन्जिनियरिङ | ज.मे. | १ |
| १० | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ४ |
| ११ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ |
| १२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | २ |
| १३ | सर्भेक्षक | रा.प.अनं.प्रथम | इन्जिनियरिङ | सर्भे | १ |
| १४ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियरिङ | मे/ज.मे. | ३ |
| १५ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्र. | ६ |

माथि उल्लिखित सङ्गठन संरचनाका अतिरिक्त प्रदेश राजधानी भएका मोरङ, धनुषा, मकवानपुर, दाङ, सुर्खेत, कैलाली र कास्की  जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाईको स्थापना गरी नेपाल प्रशासन सेवा अन्तर्गत सामान्य प्रशासन समूहको नायव सुव्वा (रा.प.अन.प्रथम श्रेणी) को १।१ पद सिर्जना गरिएको छ।

## सम्बन्धित ऐन, नियम तथा कार्यविधिहरू

- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१)
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

## अनुसन्धान अधिकारीको भूमिका

- कसूरको अनुसन्धान तथा तहकीकातको सिलसिलामा जफत हुन सक्ने मनासिब आधार भएको सम्पत्ति वा साधन रोक्का राख्न वा नियन्त्रणमा लिन तदारुकताका साथ खोजतलास तथा पहिचान गर्नु पर्नेछ।
- अनुसन्धान अधिकारीले कसूरको अनुसन्धानको सिलसिलामा कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन वा सो भएको शङ्का गर्नुपर्ने मनासिब आधार भएको सम्पत्ति वा साधन जुनसुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको हक वा हित रहे भएको भए तापनि तत्काल रोक्का राख्न वा नियन्त्रणमा लिन सक्नेछ।
- माथि उल्लेखित सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको वा अन्य कुनै कारणले रोक्का राख्न वा नियन्त्रणमा लिन नसकिने भएमा अनुसन्धान अधिकारीले कसूर गरेको शङ्का लागेको व्यक्तिको त्यस्तो सम्पत्ति वा साधनको प्रचलित मूल्य बराबर हुन सक्ने अन्य सम्पत्ति रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्नेछ।
- सम्पत्ति वा साधन रोक्का राख्ने वा नियन्त्रणमा लिने सम्बन्धमा अनुसन्धान अधिकारीले देहाय बमोजिम गर्न सक्नेछ ः
    - त्यस्तो सम्पत्ति वा साधन आफैँले नियन्त्रणमा लिने वा सम्बन्धित सरकारी निकाय मार्फत नियन्त्रणमा लिन आदेश जारी गर्ने,

- त्यस्तो सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिलाई कुनै सूचना नदिई एकतर्फी रुपमा रोक्का राख्न आदेश जारी गरी सम्बन्धित निकायलाई लेखी पठाउने,
- सम्पत्ति वा साधन रोक्का राख्न भनी लेखी पठाएकोमा त्यस्तो सम्पत्ति वा साधन जिम्मा लिने वा नियन्त्रणमा राख्ने व्यक्ति, निकाय वा संस्थाले सो सम्पत्ति वा साधन कसैले हस्तान्तरण गर्न, धितो वा बन्धक दिन, बिक्री वा वितरण गर्न, अन्य कुनै कारोबार गर्न वा सोबाट लाभ लिन नपाउने व्यवस्था गर्नुपर्नेछ।
- कुनै सम्पत्ति वा साधन रोक्का राखेमा वा नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले तीन दिन भित्र सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।
- जफत हुन सक्ने सम्पत्ति वा साधनको जफतमा प्रतिकूल असर पर्ने गरी कुनै करारीय वा अन्य दायित्व सिर्जना गर्न खोजेको देखिएमा त्यस्तो कार्य रोक्न वा गरिसकेको भए त्यस्तो कार्य बदर गराउने सम्बन्धमा आवश्यक कारवाही चलाउने अधिकार अनुसन्धान अधिकारीलाई हुनेछ।
- अनुसन्धान अधिकारीले यस दफा बमोजिम सम्पत्ति वा साधन नियन्त्रणमा लिएमा वा रोक्का राखेमा सो गरेको मितिले सात दिन भित्र सो कुराको प्रतिवेदन अदालत समक्ष दिनु पर्नेछ।
- प्रतिवेदन प्राप्त भएमा अदालतले सो सम्वन्धमा अन्य आवश्यक र उपयुक्त आदेश दिन सक्नेछ।

- कसूरको अनुसन्धान तथा तहकीकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन मध्ये दशी प्रमाणको रुपमा अदालतमा पेश गर्नु पर्ने सम्पत्ति वा साधन बाहेकको अन्य सम्पत्ति वा साधन **काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाका अनुसन्धान अधिकारीले विभागमा र अन्य जिल्लाका अनुसन्धान अधिकारीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा यथाशीघ्र बुझाउनु पर्नेछ**। अदालतको आदेश भएमा दशीको रुपमा अदालतमा पेश भएको सम्पत्ति वा साधन समेत विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्नेछ।

## जिल्ला प्रशासन कार्यालयहरूको भूमिका

- काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका अनुसन्धान अधिकारी बाहेक अन्य जिल्लाका अनुसन्धान अधिकारीले अनुसन्धानको सिलसिलामा जफतमा लिइएको सम्पति वा साधन सम्बन्धित **जिल्ला प्रशासन कार्यालयमा** बुझाउनु पर्नेछ।
- माथि उल्लेख भएबमोजिम बुझाइएको सम्पत्ति वा साधन विदेशी मुद्रा, विनिमेय अधिकारपत्र वा बहुमूल्य धातु वा बस्तु भएमा विभागले नेपाल राष्ट्र बैङ्कमा र **जिल्ला प्रशासन कार्यालयले** विभागले तोकिदिएको बैङ्कमा जम्मा गर्नु पर्नेछ।
- अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान तथा तहकीकातको सिलसिलामा दफा ४ बमोजिम रोक्का राखेको वा नियन्त्रणमा लिएको सम्पत्ति वा साधन सम्बन्धी विवरण प्रत्येक महिना तोकिएको ढाँचामा सम्बन्धित **जिल्ला प्रशासन कार्यालयमा** पठाउनु पर्नेछ।

- अनुसन्धान अधिकारीहरूबाट प्राप्त विवरण तथा बैङ्कमा जम्मा गरेको मुद्रा, विनिमेय अधिकारपत्र वा बहुमूल्य धातु वा वस्तु सम्बन्धी विवरण धरौटी खातामा जम्मा गरेको रकमको विवरण विभागमा तोकिए बमोजिम पठाउनु पर्नेछ।
- अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्नु अघि सो को मूल्य निर्धारण गर्न जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्तिको मूल्याङ्कन गर्नु पर्नेछ। यसरी मूल्याङ्कन गर्ने समितिको संयोजक भई प्रमुख जिल्ला अधिकारीले काम गर्नु पर्नेछ।
- प्रदेश राजधानी भएका जिल्लाहरूमा स्वीकृत नयाँ दरवन्दी तथा सङ्गठन संरचना बमोजिम कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाईको स्थापना गर्नु पर्नेछ।

## सम्पत्ति वा साधनको मूल्याङ्कन

अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन लिलाम बिक्री गर्नु अघि सोको मूल्य निर्धारण गर्न विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्ति वा साधनको मूल्यांङ्कन गुर्न पर्नेछ।

### विभागमा रहने मूल्याङ्कन समितिमा देहाय अनुसारका सदस्य रहनेछन्।

| | | |
|---|---|---|
| क) | विभागको महानिर्देशक | संयोजक |
| ख) | प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ग) | प्रतिनिधि, सार्वजनिक खरीद अनुगमन कार्यालय | सदस्य |
| घ) | प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय | सदस्य |
| ङ) | विभागको लेखा प्रमुख | सदस्य सचिव |

### काठमाडौँ, भक्तपुर र ललितपुर जिल्ला बाहेकका अन्य जिल्ला प्रशासन कार्यालयमा रहने मूल्याङ्कन समितिमा देहाय अनुसारका सदस्य रहनेछन्।

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख) | जिल्ला न्यायाधिवक्ता | सदस्य |
| ग) | तहसिलदार, जिल्ला अदालत | सदस्य |
| घ) | कोष तथा लेखा नियन्त्रक | सदस्य सचिव |

## सम्पत्ति वा साधनको व्यवस्थापन गर्दा अवलम्बन गर्न सकिने उपायहरू :

- लिलाम बिक्री गर्ने,
- नेपाल सरकार आफैँले उपयोग गर्ने गरी नेपाल सरकारको नाममा कायम गर्ने,
- विदेशी मुद्रा, विनिमेय अधिकार पत्र, वहुमुल्य धातु वा बस्तु तोकिएको वैंङ्कमा सुरक्षित साथ राख्ने,
- भाडामा लगाउने वा लिजमा दिने,
- खेती योग्य जमिन भए खेती लगाउने वा अन्य कुनै आयस्ता हुने कार्यमा प्रयोग गर्ने,
- लिलाम बिक्री हुन नसकेको, सार्वजनिक हित वा जनस्वास्थ्यको दृष्टिले प्रयोगमा ल्याउन उपयुक्त नहुने तथा सडिगली नष्ट भई जाने प्रकृतिको सम्पत्ति वा साधन नष्ट गर्ने,

## लिलाम बिक्री सम्बन्धी व्यवस्था

- अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कानून बमोजिम अविलम्ब लिलाम बिक्री गर्नु वा गराउनु पर्नेछ।
- अदालतको आदेश वा फैसला बमोजिम जफत हुने ठहरिएको सम्पत्ति वा साधन सार्वजनिक हित, महत्व, सुरक्षा वा अन्य कुनै कारणले लिलाम बिक्री गर्न उपयुक्त नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन नेपाल सरकारको लागि उपयोगी हुने देखिएमा त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री नगरी नेपाल सरकारले सोको समुचित उपयोग गर्न वा अन्य आवश्यक र उपयुक्त व्यवस्था गर्न सक्नेछ।

## बाधा विरोध गर्नेलाई सजाय हुन सक्ने :

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० बमोजिम कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन रोक्का वा नियन्त्रण सम्बन्धी काम कारवाहीमा कसैले बाधा विरोध गरेमा वा अनुसन्धान अधिकारीले दिएको आदेश पालना नगरेमा निजलाई अनुसन्धान अधिकारीको प्रतिवेदनको आधारमा **मुद्दा हेर्ने अधिकारीले ६ महिना सम्म कैद वा दुई लाख रुपैँया सम्म जरिवाना गर्न वा दुवै सजाय गर्न सक्नेछ।**

बिभागले कसूरजन्य सम्पत्ति वा साधन लिलाम बिक्री गर्दा वा विभागबाट सम्पादन हुने काम कारबाहीमा बाधा विरोध गर्नेलाई विभागको महानिर्देशकले पचास हजार रुपैँया सम्म जरिवाना गर्न सक्नेछ।

## विशेष व्यवस्था

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत)ऐन, २०७० को व्यवस्था अनुसार प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेछ।

**अनुसन्धान अधिकारी भन्नाले देहायको निकाय वा सो निकायले तोकेको अनुसन्धान अधिकारी बुझिन्छ।**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
- नेपाल प्रहरी
- राजस्व अनुसन्धान विभाग
- बन तथा भू संरक्षण विभाग
- राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग
- बैदेशिक रोजगार विभाग
- लागूऔषध नियन्त्रण व्यूरो
- आन्तरिक राजस्व विभाग
- भन्सार विभाग
- अनुसन्धान कार्यसँग सम्बन्धित अन्य सक्षम निकायहरू

अपराधजन्य कार्यबाट आर्जित सम्पत्तिलाई कानूनको दायरामा ल्याऔं ।
समाजमा सदाचार प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।

कसूरजन्य सम्पत्तिको समयमै व्यवस्थापन,
भ्रष्टचार नियन्त्रण र कानूनी शासन ।


## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार (पुरानो गृह मन्त्रालय रहेको भवन), काठमाडौं

**इमेल** : dmpc.2078@gmail.com, kasursampati@moha.gov.np

**वेवसाइट** : www.dmpc.moha.gov.np

**सम्पर्क** : ९८४१६३४६३४ (सूचना अधिकारी),

**सम्पर्क** : ९८५११४००१६ (महानिर्देशक)